# आर्थिक वर्ष २०८२/८३ को

# बजेट वक्तव्य

कविलासी नगरपालिका

सर्लाही

२०८२

CamScanner

# कविलासी नगरपालिकाको तेह्रौ नगर सभाको पहिलो बैठकमा उपप्रमुख श्री पुनम कर्णले प्रस्तुत गर्नु भएको

# आर्थिक बर्ष २०८२।०८३ को
# बजेट वक्तव्य

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल
२०८२

www.kawilasimun.gov.np

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल

१. कविलासी नगरपालिका नगर सभाको १२ औं अधिवेशनको पहिलो बैठकमा उपस्थित कार्यक्रमको अध्यक्षता ग्रहन गरिरहनु भएका नगर प्रमुखज्यू, प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, नगर सभाका सम्पूर्ण पदाधिकारी सदस्यूहरू, राष्ट्रसेवक कर्मचारी, विभिन्न संघ संस्था, विद्यालय, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सुरक्षा निकायहरूबाट पाल्नु भएका प्रमुख, शिक्षक, कार्यालय प्रतिनिधि, बुद्धिजीवीवर्ग, सामाजिक अभियन्ता, समाजसेवी, पत्राकार महोदय एवम् नगरवासी महानुभावहरूज्यू ।

२. सर्वप्रथम नगर सभाको यस महत्वपूर्ण अधिवेशनमा यहाँहरू सबैलाई हार्दिक स्वागत एवं धन्यवाद व्यक्त गर्दछु ।

**सभा अध्यक्षज्यू,**

३. नेपालको संविधानको धारा २२३ को उपधारा (२) बमोजिम गठित यस कविलासी नगरपालिकाको एघारौं नगर सभामा नगरस्तरीय बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले कविलासी नगरपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभा समक्ष आगामी आर्थिक वर्ष ०८२।०८३ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरव महसुस गर्दै मलाई अपार खुशिको अनुभूति भइरहेको छ ।

४. लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाती आन्दोलन लगायतका राजनीतिक क्रान्ति एवम् संघर्षको गौरवपूर्ण ईतिहासप्रति उच्च सम्मान प्रकट गर्दै नेपालको लोकतान्त्रिक आन्दोलनको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

५. सहिदका परिवारजन र विभिन्न आन्दोलनका क्रममा अंगभंग भई कठिन जीवन यापन गरि रहनु भएका नागरिकहरूलाई श्रद्धापूर्वक नमन गर्दै वहाँहरूको त्याग र बलिदानप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । मुलुकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको



CamScanner

आन्दोलनको कठिन परिस्थितिमा त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिज्ञहरू प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

६. स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयारी गर्दा विगतको अनुभवहरूलाई समेत मध्यनजर गर्दै आगामी वर्षको लागि उपलब्ध बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकीकरण र बजेट/कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रूपमा छलफल गर्ने व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गर्नुपर्ने र दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

७. "**समृद्ध नेपाल, सुखी नेपाली**" को राष्ट्रिय आकांक्षा पुरा गर्न विगतका वर्षको अथक प्रयासबाट हासिल भएको उपलब्धिको जगमा टेकेर विकास र समृद्धिको यात्रालाई तीब्रता दिन सबै राजनैतिक दल, जनप्रतिनिधि, संघ संस्था र आम नागरिकको सहयोग र ऐक्यबद्धताले चुनौतीहरूको सामना गर्न सकिन्छ भन्ने हाम्रो दृढ विश्वास रहेकोछ ।

८. नेपाल सरकार र प्रदेश सरकारबाट आ.व. २०८२।०८३ को बजेट वक्तव्य मार्फत घोषित आयोजना तथा कार्यक्रमहरू सम्पन्न गर्न नेपाल सरकार र प्रदेश सरकारलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

९. आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रमको लक्ष्य "**समृद्ध कविलासी खुशी कविलासीवासी**" रहेको छ । नगरवासीको सर्वाङ्गीण विकास सँगै समृद्धि सुशासन सेवा प्रवाहका साथै तिनै विकासको अपेक्षालाई उपलब्ध श्रोत साधनको समुचित प्रयोग गर्दै नगरवासीको आंकाक्षा पूरा गर्न दृढ संकल्पित रहेको कुरा यहाँहरू समक्ष जानकारी गराउन चाहन्छौ ।

१०. चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा टेकेर नगरको आर्थिक, सामाजिक, साँस्कृतिक विकासको उदेशय, लक्ष्य, रणनीति र कार्यनीति सहितको स्पष्ट विकासको खाका निर्धारण गरी नगरपालिकाको वार्षिक तथा आवधिक योजना कार्यान्वयन गर्न यो नीति तथा कार्यक्रम निर्देशित छ ।

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल

११. आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्गनिर्देशकको रूपमा लिएको छ ।

क. नेपालको संविधान, २०७२

ख. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

ग. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४

घ. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

ङ. नेपाल सरकार र मधेश प्रदेश सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रम

च. दिगो विकास लक्ष्यहरू हासिल गर्ने लगायत नेपाल सरकाले अन्तरराष्ट्रिय क्षेत्रमा जनाएका प्रतिवद्धताबाट श्रृजित दायित्व ।

छ. नेपाल सरकार र मधेश प्रदेश सरकारका आवधिक योजनाहरू र यस नगरपालिकाले बनाएको आवधिक योजना लगायत अन्य कानूनहरू ।

ज) नेपाल सरकार र मधेश प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक, सामाजिक लगायतका विकासका नीतिहरू लगायत ।

१२. आगामी आर्थिक वर्षमा संघ, प्रदेश र नगरपालिका सरकार बीच सहकारिता, सहअस्तित्व र समन्वय मार्फत वितीय संघीयताको कुशल अभ्यास गरी सामाजिक, राजनैतिक तथा विकासका आयामहरूमा क्रमिक सुधार तथा रूपान्तरण गर्दै लगिने विश्वास व्यक्त गर्न चाहन्छु ।

सभा अध्यक्ष महोदय,

**अब म आर्थिक वर्ष २०८१।०८२ को वार्षिक कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगतिको संक्षिप्त समिक्षा गर्ने अनुमति चाहन्छु ।**

**१३. आर्थिक वर्ष २०८१।०८२ को वार्षिक समीक्षा :**

आज मिति २०८२ असार १० गते कविलासी नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्दा चालु आर्थिक वर्ष २०८१।०८२ को असार ९ गतेसम्मको अवधिलाई आधार मानी भौतिक तथा वित्तीय प्रगतिहरू प्रस्तुत गरिएको छ । चालु आर्थिक वर्षको बाँकी अवधिको भौतिक तथा वित्तीय प्रगतिहरू वार्षिक प्रगति समीक्षा गरी अगामी नगरसभामा प्रस्तुत गरिने व्यहोरा अनुरोध गर्दछु ।



CamScanner

**१३.१. आर्थिक विकास :** आर्थिक विकास तर्फको कुल योजना तथा कार्यक्रममा विनियोजित रकम ३ करोड ५ लाख १३ हजार ५ सय १५ रूपैयाँ रहेकोमा असार ९ गतेसम्म सम्पन्न भएका योजनाको खर्च ९५ लाख ३० हजार ४ सय ४७ रहेको छ र बाँकी रू.२ करोड ९ लाख ८३ हजार ६८ रूपैयाँको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन्।

**१३.२ सामाजिक विकास :** सामाजिक विकास तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम २८ करोड ८२ लाख ४ हजार ५ सय रूपैयाँ रहेकोमा असार ९ गतेसम्म सम्पन्न भएका योजनाको खर्च १९ करोड १४ लाख ५५ हजार २ सय ८१ रहेको छ र बाँकी रू.९ करोड ६७ लाख ४९ हजार २८१ रूपैयाँ ४८ पैसाको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन्।

**१३.३. पूर्वाधार विकास :** आर्थिक विकास तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम २० करोड ९९ लाख २५ हजार ३ सय ६६ रूपैयाँ रहेकोमा असार ९ गतेसम्म सम्पन्न भएका योजनाको खर्च ५ करोड ५५ लाख ७ सय ८२ रूपैयाँ रहेको छ र बाँकी रू.१५ करोड ४४ लाख २४ हजार ५ सय ८४ रूपैयाँको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन्।

**१३.४. विपद् व्यवस्थापनः** आर्थिक विकास तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम २० लाख रूपैयाँ रहेकोमा असार ९ गतेसम्म सम्पन्न भएका योजनाको खर्च १५ लाख १ हजार ८ सय  रहेको छ र बाँकी रू.४ लाख ९८ हजार २ सय रूपैयाँको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन्।

**१३.५. कार्यालय सञ्चालन तथ प्रशासनिक :** आर्थिक विकास तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम १३ करोड ९८ लाख ७१ हजार ४ सय ४२ रूपैयाँ रहेकोमा असार ९ गतेसम्म सम्पन्न भएका योजनाको खर्च ६ करोड ८३ लाख १८ हजार ७ सय ७७ रूपैयाँ १८ पैसा रहेको छ र बाँकी रू.७ करोड १५ लाख ५२ हजार ६ सय ६५ रूपैयाँ २ पैसाको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन्।

**१३.६. संघीय समपुरक तर्फ :** आर्थिक विकास तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम १ करोड ३५ लाख रूपैयाँ रहेकोमा असार ९ गतेसम्म रू.१ करोड ३५ लाख रूपैयाँको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन्।



CamScanner

**१३.७. संघीय विषेश अनुदान तर्फ :** आर्थिक विकास तर्फका कुल योजना तथा कार्यक्रममा विनियोजित रकम १ करोड ४० लाख रूपैयाँ रहेकोमा असार ९ गतेसम्म सम्पन्न भएका योजनाको खर्च २८ लाख २० हजार ६ सय ८० रूपैयाँ रहेको छ र बाँकी रू.१ करोड ११ लाख ७९ हजार ३ सय २० रूपैयाँको योजना तथा कार्यक्रम कार्यान्वयनको अवस्थामा रहेका छन् ।

**सभाध्यक्षज्यू,**

१४. कविलासी नगरपालिका सामू मुख्यरूपमा देखिएका निम्न चुनौतिहरू संक्षेपमा प्रस्तुत गर्न चाहन्छु :

- चालु आर्थिक वर्षमा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व, अनुदान र आन्तरिक राजस्व लक्ष्य भन्दा कम संकलन भएको छ । संघीय र प्रदेश सरकारको राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, आन्तरिक आय र वित्तीय समानीकरण मार्फत प्राप्त हुने अनुदान लक्ष्यको तुलनामा कम प्राप्त हुनुले स्रोत व्यवस्थापन चुनौतिपूर्ण रहेको छ ।
- जनतामा राजनैतिक र जीवनस्तरमा परिवर्तनको अनुभूति हुने गरी समाजलाई आर्थिक, सामाजिक रूपले रूपान्तरण गर्ने कार्य सबैभन्दा ठूलो चुनौतिको रूपमा रहेको छ ।
- नगरपालिकाबाट प्रभावकारी सेवा प्रवाहको लागि अपर्याप्त र दक्ष जनशक्तिको कमी रहेकोले उपलब्ध श्रोत साधनको कुशल परिचालन गर्ने, विकास आयोजनाहरूको दक्षतापूर्वक कार्यान्वयन गर्ने तथा सार्वजनिक खर्चमा अनुशासन कायम गर्ने कार्य चुनौतिपूर्ण देखिएको छ ।
- माथि उल्लेखित चुनौतिलाई आत्मसात गर्दै साधारण खर्चलाई मितव्ययी बनाउने र विनियोजन कुशलता तथा कार्यान्वयन क्षमताको अभिबृद्धि मार्फत उत्पादन र उत्पादकत्व बृद्धि गर्ने, रोजगारीका अवसर सृजना गर्ने, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी यस नगरपालिकाको आर्थिक बृद्धिको आधार तयार गर्दै उपलब्ध अवसर र उपलब्धीको समुचित वितरणका लागि बजेटको उद्देश्य र प्राथमिकता तय गरिएको छ ।

कविलासी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कविलासी, सर्लाही मधेश प्रदेश, नेपाल

Pkasma

सभा अध्यक्ष महोदय,

१५. अब म गत आर्थिक बर्ष २०८०।०८१ को यथार्थ आय र व्यय सम्बन्धमा संक्षिप्त रूपमा प्रकाश पार्न चाहन्छु। गत आर्थिक बर्षमा अनुमानित विनियोजित बजेट रू.७३ करोड ४९ लाख ५५ हजार ४ सय ४४ रूपैयाँ गरिएकोमा यथार्थ आन्तरिक आय, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, अन्य अनुदान समेत कूल आय रू.६७ करोड २६ लाख ९८ हजार ३ सय २१ रूपैया र पैसा ५६ रहेको छ। सो मध्ये रू.५२ करोड १३ लाख ८१ हजार ९ सय २२ रूपैया र पैसा ४८ खर्च भई बाँकी रहेको रकम मध्ये संघीय र प्रदेश सरकारको सशर्त, समपुरक र विशेष अनुदान वापतको फिर्ता गर्नुपर्ने रकम क्रमशः रू.४ करोड १० लाख १० हजार ७ सय ७ रूपैयाँ ३ पैसा फिर्ता गरिएको छ। आ.व.०८०।०८१ बाँकी बैंक मौज्दात रू.१४ करोड ४८ लाख ९९ हजार ८ सय ७ रूपैयाँ १४ पैसा आ.व.०८१।०८२ मा अल्या गरिएको छ।

१६. गत आर्थिक बर्ष २०८०।०८१ मा नवौ सभा र दशौ बिशेष नगर सभाबाट स्वीकृत योजनाहरू सञ्चालन भए। जसमा नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरू व्यवस्थापन, अत्यावश्यक कानूनहरू निर्माण, सडकहरूको स्तरोन्नति एवं सडक सञ्जाल विस्तार, सडक ढलान तथा नाला निर्माण, धार्मिक, साँस्कृतिक धरोहरको संरक्षण, सौर्य सडक बत्ती जडान कृषि, सिँचाई, पशु सेवा, शिक्षा, स्वास्थ्य, सामाजिक विकास जस्ता विविध क्षेत्रका आयोजना तथा कार्यक्रम, सामाजिक सुरक्षा भत्ता वितरण जस्ता शिर्षकमा खर्च भएको थियो।

१७. यसै क्रममा चालु आर्थिक वर्ष २०८१।०८२ को संशोधित आय र व्यय अनुमानको सारांश प्रस्तुत गर्न चाहन्छु। सामाजिक सुरक्षा भत्ता बाहेक चालु आर्थिक बर्षको लागि ६८ करोड ३७ लाख ८६ हजार ८ सय २३ रूपैयाँ २० पैसा आय र व्यय अनुमान गरिएकोमा चालु आर्थिक बर्षको अषाढ मसान्तसम्म सोही रकम बराबर आय र व्यय हुने संशोधित अनुमान गरिएको छ।

मिति २०८२ असार १० गते सम्म कविलासी नगरपालिकाको नवौं नगर सभाबाट आ.व.२०८०।०८१ को लागि विनियोजन भएको अनुमानित बजेट ६८ करोड ३७ लाख ८६ हजार ८ सय २३ रूपैयाँ २० पैसा मध्येको यथार्थ आय ५८ करोड ९४ लाख २९



Pkasma

CamScanner

हजार १ रूपैयाँ १९ पैसा रहेको र हाल सम्मको यथार्थ खर्च रकम ३२ करोड ४४ लाख ६७ हजार ८ सय ४६ रूपैयाँ ७० पैसा मध्ये चालु खर्च २३ करोड ४४ लाख ३० हजार ४ सय ६४ रुपैयाँ र पूँजीगत खर्च ९ करोड ३७ हजार ३ सय ८२ रुपैयाँ रहेको जसमा चालु खर्च प्रतिशत ६०% र पूँजीगत खर्च प्रतिशत ३२.७२% गरी जम्मा खर्च प्रतिशत ४७.४५% रहेको छ । आय व्ययको विवरण अनुसूचीमा संलग्न भए बमोजिम अनुमोदनको लागि सभामा पेश गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

१८. बजेटका उद्देश्य हासिल गर्न देहाय अनुसारका प्राथमिकता निर्धारण सहित कविलासी नगरपालिकाको समग्र विकासको लागि आगामी आर्थिक बर्ष २०८२।०८३ मा तपसिल बमोजिमका मुख्य मुख्य आयोजना तथा कार्यक्रमहरूको लागि बजेट विनियोजन गरी समयमा नै बजेट कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

**स्वास्थ्य तर्फ :**

१) **"सफा नगर स्वस्थ्य नगरवासी"** भन्ने नाराका साथ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहूच सुनिश्चित गर्ने कार्यमा नगर सरकार क्रियाशिल रहने छ । गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा प्रवाहमा रहेका विद्यमान चुनौतीहरूलाई न्यूनीकरण गर्न, सेवा प्रदायक संस्थाहरूको व्यवस्थापकीय प्रणाली सुदृढ गराउन, नेपाल सरकारबाट प्राप्त सशर्त कार्यक्रमहरूको थप प्रभावकारी तवरले कार्यान्वयन गर्न, आयुर्वेद औषधालयको क्षमता अभिबृद्धि गर्न शक्तिवर्दक आयुर्वेदिक औषधी वितरण, महिलाको प्रजनन स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखी मातृ तथा बाल स्वास्थ्य सेवालाई थप सुदृढ बनाइनेछ ।

२) स्वास्थ्य विमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, पोषण कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, भिटामिन ए तथा जुकाको औषधी वितरण, गम्भीर खालका रोगहरूबाट ग्रसित विरामी लगायताका राष्ट्रियस्तरका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन सहित नगरपालिकाको समग्र स्वास्थ्य प्रणालीको सुधारका लागि प्राथमिकता निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ ।



CamScanner

३) आधारभूत स्वास्थ्य सेवामा सबै नगरबाासीहरूको पहुँच सुचिश्चित गर्नको लागि स्वास्थ्य बिमा कार्यक्रमको प्रचार प्रसारलाई व्यवपकता प्रदान गर्दै स्वास्थ्य संस्थाहरूको पूवार्धधार विकासमा सहयोग पुर्याउने गरी बजेट व्यवस्था गरिने छ ।

४) विरामीहरूको स्वास्थ्य उपचारमा सहजर्ताका लागि यो वर्ष थप दुई वटा एम्बुलेन्स व्यवस्थापनको लागि प्रक्रिया अघि बढाइनेछ ।

५) बर्थिङ्ग सेन्टरको स्तरोन्नती एवम् स्रोत साधनयुक्त बनाउने कार्यलाई निरन्तरता दिएको छ । उपचार निदानभन्दा रोग लाग्न नदिनु बेश भन्ने अबधारणालाई आत्मसात गर्दै आयुर्वेदका उपचार विधिहरू अपनाउन प्रचार प्रसार गरिने छ । साथै आयुर्वेदिक जडिबुटी प्रबर्द्धन गर्न आवश्यक प्रचार प्रसार लाई रणनीति बनाईने छ । पूर्ण खोप घोषणा र दिगोपनालाई निरन्तरता दिईने छ ।

६) आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ र गुणस्तरीय बनाइनेछ । स्वास्थ्य संस्थामा अत्यावश्यक उपकरण, औषधी र दक्ष जनशक्तिको आपूर्ति सुनिश्चित गरिनेछ ।

७) स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्ण पालना गर्दै स्वास्थ्य सुरक्षालाई सम्बोधन हुने गरी प्रदान गर्ने प्रशासनिक सेवा प्रणालीमा सुधारको व्यवस्था मिलाएको छु ।

८) जनस्वास्थ्यमा आईपरेको चुनौतीहरूलाई सामना गर्ने गरी यस पालिका अन्तर्गतका स्वास्थ्य सेवालाई सुदृढ/सवलीकरणको लागि स्वास्थ्य औषधी, उपकरण, मेशिन एवम् स्वास्थ्य चौकीहरूको भौतिक संरचना निर्माण गर्ने व्यवस्था गरेको छु ।

९) **योग गरौ निरोग रहौ** भन्ने नाराका साथ आयुर्वेद स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरको छु ।

१०) महिला स्वास्थ्य स्वयम् सेविकाको लागि विशेष प्रोत्साहनको व्यवस्था गरिनेछ ।

११) संघीय र प्रदेश सरकारबाट स्वास्थ्यका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रू. ४ करोड १५ लाख ९७ हजार ५ सयको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।



CamScanner

Pkasma

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल



## शिक्षा तर्फ :

१. शिक्षा प्रणालीलाई आर्थिक, सामाजिक रूपान्तरणको संवाहकको रूपमा विकास गर्नका लागि सबै तहको शिक्षामा समतामूलक पहुँचको सुनिश्चितता, गुणस्तरमा सुधार, अब्बल व्यवस्थापकीय क्षमताको विकास, सामुदायिक एवम् संस्थागत विद्यालय बीचको दुरीको अन्त्य, असल अभ्यासको आदानप्रदान, "प्रयास गरे परिवर्तन सम्भव छ" भन्ने मान्यता स्थापित गर्नका लागि शैक्षिक प्रणालीलाई जिम्मेवार जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायी बनाउँदै नगरपालिककालाई शैक्षिक क्षेत्रको केन्द्रको रूपमा विकास गरिने छ । यसका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, समुदायको अपनत्व विकास, सघन र नियमित अनुगमन, समन्वयात्मक प्रयास लगायतका शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन लाई निरन्तरता गरिएको छ ।

२. शिक्षामा विद्यमान कानुनी, संस्थागत र प्रक्रियागत सुधारलाई थप सुदृढ बनाउदै विगतबाट सिकिएका पाठहरूको आधारमा रणनीतिक ढङ्गले अगाडि बढिने छ । सामुदायिक विद्यालयप्रति अभिभावक, विद्यार्थी र आम सरोकारवालाको आकर्षण बढाउदै लैजाने रणनीति अवलम्बन गरिने छ ।

३. सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना अभियान, सामुदायिक पुस्ताकलय स्थापना, भौतिक पूर्वाधार निर्माण, आवश्यक दरबन्दी थप तथा मिलान, विद्यालय अनुगमन, पूर्ण सरसफाइयुक्त विद्यालय, एकिकृत र नतिजामा आधारित अनुगमन योजनाको निर्माण विद्यालयका शिक्षक, कर्मचारीहरूको क्षमता अभिबृद्धि लगायताका प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिने छ । नियमितता, शिक्षण प्रभावकारिता र विद्यार्थीको सिकाइ उपलब्धी एवम् नतिजाका आधारमा उत्कृष्ठ ठहरिएका विद्यालय शिक्षकलाई पुरस्कृत गरिने नीतिलाई निरन्तरता गरिने छ साथै विद्यालय दिवा खाजा कार्यक्रमलाई प्रभावकारी साथ कार्यान्वयन गरिने छ ।

४) निजी र सामुदायिक संघ संस्थाहरूको सहकार्यमा नगर स्तरीय विभिन्न खेलकुद प्रतियोगिताको आयोजना गरिने छ ।

Pkasma



CamScanner

५) राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुर्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने व्यक्ति र संस्थालाई सम्मान एवम् पुरस्कृत गरिने छ। युवाहरूको क्षमता विकासको लागि युवा परिचालन कार्यक्रम सञ्चालन गरिने छ।

६) सामुदायिक विद्यालय एवम् शिक्षालयहरूको भौतिक तथा शैक्षिक पूर्वाधारको विकास गरी गुणस्तरीय प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न बजेटको व्यवस्था मिलाएको छु। साथै नगरपालिकाबाट आयोजित सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू बैठकको (प्र.अ. बैठक) बैठक भत्ता रू.१,०००।- प्रति बैठक हुने गरी आवश्यक बजेट मिलाएको छु।

७) शैक्षिक सँस्थाहरूको पुर्नउत्थानका लागि शैक्षिक कृयाकलापहरूलाई स्वास्थ्य सम्बन्धी मापदण्ड र सुरक्षित हिसाबले सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

८) संघीय र प्रदेश सरकारबाट शिक्षाका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रकम रू.१६ करोड ८१ लाख ७५ हजारको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा समाज कल्याण तर्फ :**

१) महिला, बालबालिका तथा फरक क्षमता भएकाहरूसँग सम्बन्धित चेतनामूलक प्रचारप्रसार तथा सामग्री उत्पादन, प्रकाशन र वितरण गरिने छ। संचार माध्यमसँगको सहकार्यमा लैङ्गिक क्षमता सम्बन्धी जनचेतना अभिवृद्धि गर्न रेडियो प्रशारण, पोस्टर, होडिङ्ग बोर्ड राख्ने जस्ता कार्य गरिने छ। महिला माथि हुने हिंसा न्यूनिकरणका लागि अभियान सञ्चालन गरिने छ। किशोरीको बहुआयामिक विकास, लैङ्गिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवर्द्धन अन्तर्गत तालिमको व्यवस्था गरिने छ। साथै नगरलाई बालविवाह मुक्त नगरपालिका घोषणा गर्न थप प्रोत्साहन र क्षमता विकासका कार्यक्रम संचालनमा ल्याइनेछ।

२) पूर्ण अशक्त एवम् अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना कार्यक्रम सञ्चालनका लागि समन्वय गरिने छ। अपाङ्गता भएका व्यक्तिमैत्री भौतिक

संरचना निर्माणको लागि पहल गरिने छ । अपाङ्ग शिविरको व्यवस्थापनमा सहयोगका साथै जनप्रतिनिधिहरूलाई जातीय, लैङ्गिक समानता, महिला सशक्तीकरण लैङ्गिक हिंसा निवारण तथा बाल अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम कार्यान्वयनमा लगिने छ ।

३) नगरपालिकामा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापनाको लागि आवश्यक पूर्वाधार निर्माणमा सहयोग गर्न समन्वय गरिनेछ । जेष्ठ नागरिकहरूको सम्मानका लागि सरोकारवालाहरूको संयोजनमा सबै वडाहरूमा "ज्येष्ठ नागरिक स्वास्थ्य शिविर" र "ज्येष्ठ नागरिक सम्मान कार्यक्रम" को लागि आवश्यक व्यवस्था मिलाइने छ ।

४) किशोर किशोरीहरूलाई साथी शिक्षा, प्रजनन स्वास्थ्य र यौनसम्बन्धी विषयहरूमा चेतना अभिबृद्धि गरी सभ्य र सुरक्षित व्यवहार प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ । संविधान प्रदत्त समावेशी विकास सम्बन्धी हकहरू तदारूकताका साथ कार्यान्वयनमा ल्याइने छ ।

५) समाजमा बञ्चितीकरणमा रहेका, उत्पीडित समुदाय एवं दलित, अपांगता भएका व्यक्तिहरूको सशक्तिकरण, मूल प्रवाहीकरण र क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु ।

६) जेष्ठ नागरिक सम्मान कार्यक्रम तथा ज्ञान,सीप र अनुभव साटासाट एवम् पुस्तान्तरण र हस्तान्तरण कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

७) महिलासँग महिला जनप्रतिनिधि कार्यक्रम मार्फत महिलाको सशक्तीकरण र विकासमा योगदान पुर्याउन आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**लघु उद्यम विकास कार्यक्रम तर्फ :**

१) नगरमा उत्पादित वस्तु, कच्चा पदार्थ र सीपमा आधारित व्यवसायलाई प्राथमिकता दिई युवा उद्यमी विकास सम्बन्धी कार्यक्रमहरू मार्फत रोजगारी सिर्जना गर्ने क्रियाकलाप सञ्चालनको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।



CamScanner

२) रोजगार सिर्जनाका लागि अपाङ्ग, विपन्न, दलित, महिलाहरूको जीविकोपार्जन सुधारका लागि तालिम कार्यक्रम मार्फत सीप, प्रविधि, सामाग्री सहित व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३) वहुसंख्यक युवाहरू वैदेशिक रोजगारबाट फर्कि रहेको वर्तमान सन्दर्भमा ती युवाहरूलाई स्वदेशमा नै रही स्वाबलम्बी बन्नका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत तथा अन्य सीपमूलक, रोजगारमूलक कार्यक्रम तर्फ आकर्षिण गरी स्वदेशमा नै रहने वातावरण सिर्जना गर्नको लागि युवा तथा महिला लक्षित विकास कार्यक्रम संचालनको व्यवस्था मिलाएको छु ।

४) संघीय र प्रदेश सरकारबाट लघु उद्यम विकास कार्यक्रमका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रकम रू.१५ लाखको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

**कृषि सेवा र पशु विकास तर्फ :**

१) सिंचाई प्रणाली आसपासका जग्गाहरू बाँझौ राख्न नपाउने व्यवस्थालाई कार्ययोजना सहित कार्यान्वयनमा लगिनेछ । भने खाली जमिनमा फलफूल, केरा, मकै, घाँस, नर्सरी सञ्चालन लगायनतका कृषिजन्य क्रियाकलाप सञ्चलनका लागि प्रोत्साहन गरिने छ ।

२) एकीकृत कृषि तथा पशु विकास कार्यालयको स्तरोन्नती गरी कृत्रिम गर्भाधानका लागि आवश्यक सामग्री र प्राविधिक सहयोग साथै स्थानीय कृषि प्रणालीमा आधारित कार्यक्रम सञ्चालन गरिने कार्यलाई निरन्तरता गरिएको छ । पशुजन्य महामारी रोगबाट भएको क्षतिको विवरण संकलन गरी पशु विमालाई विमा कम्पनीको सहयोगमा सबैले बिमा वनाउने वातावरण सृजना गरिने कार्यलाई थप प्रचार प्रसार गरिने छ ।

३) कृषि, बचत तथा ऋणको कार्यक्रम सञ्चालन गर्ने सहकारी मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिने छ । निजी क्षेत्र, गैरसरकारी क्षेत्र र विकासका साझेदारहरूसँगको सहकार्यबाट सहकारी प्रवर्द्धन, समुह सहकारीकरण, सहकारी



CamScanner

सचेतना, सहकारीमा रहेको पुँजी परिचालन, सहकारी मार्फत लगानीको अभिवृद्धि, सहकारी खेती प्रणाली लगायतका कार्यक्रमहरू सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

४) सहकारी संस्थाहरूको सुदृढीकरण, विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाइने छ । सहकारी संघ संस्थाहरूसँग सहकार्य गरी सहकारी पसल, कृषि उत्पादनमूलक उद्योग व्यवसाय संचलन गर्ने सहकारीलाई नगरले प्रोत्साहन गर्ने नीति लिनेछ। नगरभित्रका सहकारी संस्थाहरूको अभिलेख अद्यावधिक गरिने छ ।

५) महिलाहरूद्वारा सञ्चालित महिला सहकारी, किसानहरू र कम आयस्तर रहेका नागरिकहरू आबद्ध रहेका सहकारी संस्थाहरूको क्षमता अभिबृद्धिका लागि आवश्यक सहयोग पुर्याइने छ ।

६) कविलासी नगरपाकिलाको सिँचाइ अन्तर्गत प्रमुख कुलो तथा नहर सिँचाई प्रणालीको सुदृढीकरणका लागि सरोकारवालाहरूसँगको सहकार्यमा उपयुक्त कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिने छ । नगरपालिका भित्रका नहर तथा कुलाहरूमा सघन सरसफाइ कार्यक्रम सञ्चालन गरी सिँचाई प्रणालीलाई चुस्त दुरूस्त बनाइने छ ।

७) प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन रोजगार सेवा केन्द्रलाई साधन स्रोत सम्पन्न बनाई आन्तरिक रोजगारी श्रृजना गरिनेछ ।

८) कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषकहरूको लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन, कृषकहरूको लागि कृषि सामग्री, गहुँको बिउ, खाद्य, उपकरण अनुदान तथा वितरणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

९) कृषकहरूलाई व्यवसायमुखी, आर्थिक उन्नती हासिल गर्न कृषकहरूको लागि तालिम, अन्तरक्रिया, विषादी, मल, विषादी छर्ने सामग्रीको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

१०) सिचाँईकोको लागि जडान गरिएको कृषि मिटर शुल्क निःशुल्क गर्न आवश्यक व्यवस्था मिलाएइको छ ।

११) पालिका अन्तर्गतका सलेमपुर, पिपरिया र जमुनिया पशु सेवा केन्द्रको स्तरोन्नतीको लागि बजेटको व्यवस्था गरिएको छ ।

१२) संघीय र प्रदेश सरकारबाट आर्थिक विकासका लागि सशर्त अनुदान अन्तर्गत हस्तान्तरण भई आएको रकम रू.२३ लाख ७ हजारको कार्यक्रम तथा बजेटलाई सोही कार्यक्रममा खर्च गर्ने व्यवस्था मिलाइएको छ ।

**विद्युत, खानेपानी र सिंचाई तर्फ :**

१) नगरको विद्युत सेवालाई भरपर्दो र गुणस्तरीय बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्सफर्मतर जडान, सडक बत्ती व्यवस्थापन लगायतका पूर्वाधार निर्माणको कामलाई प्राथमिकता दिइने छ ।

२) नगर भित्र रहेका घरधुरी जो स्वच्छ खानेपानीको पहुँचबाट बञ्चित रहेको छ, उनिहरूको लागि आधारभूत खानेपानी सेवा विस्तार गरिनेछ । यसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३) नगरपालिकालाई पूर्णरूपमा उज्यालो बनाउन विद्युत नपुगेको बस्तीहरूमा सौर्य ऊर्जा प्रविधि जडान र अन्य वैकल्पिक ऊर्जाबाट उज्यालो पुर्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

**पूर्वाधार विकास तर्फ :**

१) भलुवाहा देखि सलेमपुर, अगर्वा हुँदै कविलासी सम्म कालोपत्रे, कविलासी न.पा. वडा नं.१ देखि बाल्मिकी आश्रमसम्म कालोपत्रे तथा अगर्वा चौकदेखि पाकड् चौकसम्म कालोपत्रे कार्यलाई विशेष प्राथमिकतामा राखि बजेटको व्यवस्था मिलाएको छु ।

२) वडा स्तरीय सामाजिक, आर्थिक क्षेत्रको विकास, भौतिक पूर्वाधारको निर्माण एवं सुधार तथा संस्थागत क्षमताको विकासको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।



CamScanner

३) संघीय र प्रदेश सरकारबाट सम्पुरक अनुदान अन्तर्गत हस्तान्तरण भई आएका योजना तथा कार्यक्रम कार्यान्वयनका लागि नगरपालिका समपुरक कोष अन्तर्गत रू.२ करोड बजेट विनियोजन गरेको छु ।

४) नगर भित्रको सडक, पुल, भवन निर्माण आयोजना अन्तर्गत आगामी आ.व.मा सडक, पुल, कल्भर्ट, ह्युमपाइप जडान लगायत भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**धार्मिक साँस्कृतिक तथा पर्यटन प्रबर्द्धन तर्फ :**

१) नगरपालिका भित्र रहेका ऐतिहासिक पुरातात्विक महत्वका सम्पदाहरूको अभिलेखिकरण, प्रवर्द्धनका लागि आवश्यक रणनीति तय गरिनुका अतिरिक्त पर्यटकीय महत्वका विविध विषयहरूलाई समेटी तयार गरिएका बृत्त चित्र लाई सबै सामु पुर्याउन अभियान संचालन गरिने र थप अन्य माध्यमाबाट प्रचार प्रसार गरिने छ ।

२) नगर भित्रका प्रसिद्ध धार्मिक स्थलहरूमा आवश्यक भौतिक सुधार गरी उपयुक्त र आकर्षक मूर्तिहरू समेत राखिने छ । यसबाट धार्मिक स्थलहरू व्यवस्थित भई आकर्षणका केन्द्र बन्न सक्ने अपेक्षा गरिएको छ ।

३) नगरभित्रका उत्कृष्ट कलाकारहरूलाई पुरस्कृत गर्ने, कलाको संरक्षण गर्ने लगायतका कामहरूलाई प्राथमिकताका साथ अगाडि बढाइने छ । नगरपालिकाभित्र लुकेर रहेका प्रतिभाहरूको पहिचानको लागि विभिन्न प्रकारका मैत्रीपूर्ण प्रतिस्पर्धा गरी कला, साहित्य र सृजनाको संरक्षण र संबर्द्धन गरिने कार्यलाई निरन्तरता दिएको छ ।

४) परम्परागत चाडपर्वहरू, समा-चकेवा, झिझिया, तिज, जितिया, पुजा महोत्सव, मेला जस्ता सामाजिक सदभाव र एकता कायम गर्ने पर्वहरूको संरक्षणका लागि सहयोग गरिने छ र आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५) पालिकाका गौरव एवं एतिहासिक, पुरातात्विक महत्व बोकेका गढीमाई मन्दिर, सर्लाहीया माई मन्दिर, कविलासी चौकको राम जानकी मठ, लक्ष्मी नारायण मठको लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

६) नगरभित्रका विभिन्न दाहसंस्कार स्थलहरूको पहिचान गरी आवश्यक पूर्वाधार निर्माणको लागि पहल गरिने छ।

**सेवा प्रवाह र सुशासन तर्फ :**

१) सामुदायिक रेडियोहरू, मिडियाहरू र तिनमा कार्यरत सञ्चारकर्मीहरूको क्षमता अभिवृद्धिका कार्यक्रमहरू संचालन गर्ने नीति अबलम्बन गरिने। स्थानीय संचार माध्यमहरूको कार्यसम्पादन र प्रभावकारिताको आधारमा साझेदारीको नीति कार्यान्वयनमा लगिने छ।

२) स्थानीय मिडियाहरू सँगको सहकार्यमा जनताको सुसूचित हुन पाउने सूचनाको हक प्रत्याभूति गर्न स्वत प्रकाशन, सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, जनतासँग जनप्रतिनिधि लगायतका रेडियो कार्यक्रम कार्यान्वयनमा ल्याईने कार्य गरिनेछ।

३) विवाद समाधानका वैकल्पिक उपाय एवम् मेलमिलाप सम्बन्धी विद्यमान प्रक्रियालाई थप स्पष्टताका साथ अगाडि बढाइने छ। नयाँ कानुन, कार्यविधि, मापदण्डको अध्ययन अनुसन्धान एवम् मस्यौदा तयार पारिने छ। स्थानीय न्याय सम्पादन प्रकृयालाई छिटो छरितो र थप व्यवस्थित गरिने छ। न्यायिक समितिको कामलाई वस्तुपरक बनाउन संस्थागत विकास गरिने छ।

४) सवारी दुर्घटना न्यूनिकरण, सडक सुरक्षा कार्ययोजना, सवारी दुर्घटना र सुरक्षित यात्रासँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरू अभियानका रूपमा सञ्चालन गरिने छ। ट्राफिक प्रहरीसँगको सहकार्यमा मुख्य मुख्य बजार केन्द्रमा ट्राफिक सङ्केत चिन्हहरू निर्माण गराईने छ। ट्राफिक सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ।

५) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार करका सर्वमान्य सिद्धान्त, कर लागु गरेका अन्य पालिकाहरूको असल अभ्यास, विज्ञ एवम् आम नगरबासीको राय परामर्शका आधारमा बैज्ञानिक सामाजिक न्यायका सिद्धान्तका आधारमा प्रगतिशील ढाँचामा कर लगाइने छ। सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई "उत्कृष्ट करदाता" को रूपमा पुरस्कृत गरिने छ। सबै आर्थिक तथा व्यापारिक क्रियाकलापहरूलाई करको दायरामा ल्याई आन्तरिक आम्दानीको दायरालाई फराकिलो बनाइने छ।

६) नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिने छ । नगरपालिका करार कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गराउने कार्य गरिने छ ।

७) नगरपालिका भित्र मौजुदा सुरक्षा निकाय एवम् सुरक्षा पोष्टको स्तर सुधारको लागि आपसी समन्वयमा आवश्यक कार्यक्रम संचालन गरिने छ ।

८) घुम्ती शिविर मार्फत सामाजिक सुरक्षा भत्ता वितरण हुँदै आएको कार्यलाई बैंकसँग समन्वय गरी निरन्तरता दिइनेछ ।

९) नगरपालिकाबाट निर्मित ऐन, कानून, नीति र नियमहरूको व्यवस्थित प्रकाशन र वितरण गर्दै सर्वसाधारणको पहुँचसम्म पुर्याउन बिशेष जोड दिइनेछ ।

१०) कर्मचारी तथा पदाधिकारीको क्षमता अभिवृद्धि गर्न तालिम, गोष्ठी, अन्तरक्रियाको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

११) नेपाल सरकारको नीति अनुरूप राष्ट्रिय परिचयपत्रलाई राज्यबाट प्रवाह हुने सेवा सुविधासँग आवद्ध गर्दै राहदानी, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता र स्थायी लेखा नम्बरलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गर्न सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरणको इकाइ लाई निरन्तरता दिएको छु । जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**विपद् व्यवस्थापन तर्फ :**

१) नगर भित्र देखिन सक्ने विपद् पूर्वतयारी, विपद् व्यवस्थापन, विपद् प्रतिकार्य, क्षति न्यूनिकरण लगायतका विषयहरूलाई समेटी पूर्व तयारी रणनीति तय गरिने छ । विपद् पछि आवश्यक पर्ने औजार, खुला क्षेत्र, खाद्य सामग्री, औषधी उपचार जस्ता पूर्व तयारीको बारेमा सचेतनामूलक सामग्री वितरण गरिने छ । साथै आपतकालिन कार्य संचालन केन्द्रलाई निरन्तरता दिई कार्यान्वयनमा ल्याईने कार्य गरिनेछ ।

२) स्थानीय नागरिकलाई परिवर्तित जयवायु असन्तुलनको जीवनशैली, उत्पादन र उपभोग पद्धतिको अभ्यास गर्न आवश्यक ज्ञान, सीप, क्षमता अभिबृद्धि गर्न प्रोत्साहन गरिने छ । खाली, सार्वजनिक, बाँझो, पर्ति, नदी उकास र नदी किनार लगायतका जमिनमा बृक्षारोपण तथा वन विस्तार कार्यक्रम सञ्चालन गरिने छ ।

३) प्राकृतिक विपदी एवम् मानव सिर्जित क्रियाकलापबाट बिग्रिने, टुटफुट हुने सडकको मर्मत सम्भारको लागि मर्मत सम्भार कोषमा आवश्यक बजेट विनियोजन गरेको छु ।

४) विपद् व्यवस्थापन तर्फ रू.२० लाख बजेट विनियोजन गरेको छु ।

**सभाअध्यक्ष महोदय,**

१९) नगरस्तरीय गौरवका योजनाहरूको सम्भाव्यता अध्ययनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२०) कविलासी नगरपालिकामा स्थायी बसोबास गर्ने अभिभावकका छोरी स्नातक तह उत्तिर्ण पश्चात विवाह गरेमा छोरीलाई पालिकाबाट सहयोग राशी रू.२५,०००।- (अक्षरेपी रू.पचिस हजार मात्र) दिने कार्यक्रमलाई निरन्तरता दिदै आगामी आर्थिक वर्ष देखि ५०,०००।- (अक्षरेपी पचास हजार मात्र) दिने व्यवस्था मिलाइने छ ।

२१) राष्ट्रिय भूमि आयोगसँग समन्वय गरी भूमिहीन दलित, भूमिहीन सुकुम्बारी र अव्यवस्थित बसोबासीको व्यवस्थापनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

२२) बजेट, योजना तथा कार्यक्रममा सबै वर्ग, लिंग, समुदायलाई समेटेको छु । विस्तृत योजना तथा कार्यक्रम अनुसूचिमा समावेश गरेको छु ।

२३) राष्ट्रिय गौरवका तथा बढी लगानी लाग्ने योजनाहरूलाई केन्द्रीय तथा प्रदेश स्तर योजनाको रूपमा तयार गरी पेश गर्ने व्यवस्था मिलाएको छु ।

कविलासी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कविलासी, सर्लाही
मधेश प्रदेश, नेपाल

**सभा अध्यक्ष महोदय,**

२४. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरू कार्यान्वयनको लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको योजना प्रस्तुत गर्दछु ।

२५. आगामी आर्थिक बर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रू.५४ करोड ७८ लाख ४ हजार रूपैयाँ विनियोजन गरेको छु । उक्त अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये नेपाल सरकार वित्तीय समानीकरण अनुदानबाट रू.११ करोड ६८ लाख, संघीय सशर्त अनुदानबाट (चालु) तर्फ २० करोड ५१ लाख, संघीय सशर्त अनुदानबाट (पुँजीगत) तर्फ ४ करोड २७ लाख, संघीय समपुरक अनुदानबाट रू.२ करोड ५ लाख, राजस्व बाँडफाँडबाट रू.९ करोड ८८ लाख ७९ हजार ३६ रूपैया, प्रदेश सरकारबाट प्राप्त हुने समानीकरण अनुदान रू.८१ लाख ३८ हजार, प्रदेशबाट प्राप्त हुने सशर्त अनुदान रू.१ करोड, प्रदेश विशेष अनुदान ३० लाख, प्रदेश समपुरक अनुदान रू.२० लाख, सवारी साधन करको बाँडफाँड रू.७६ लाख ८७ हजार ८ सय ८० रूपैयाँ, सडक बोर्ड नेपालबाट रू.५० लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुर रू.५० लाख, आन्तरिक राजस्वबाट रू.३० लाख र गत आ.व. २०८१।०८२ को मौज्दात रू.२ करोड रहेको छ ।

२६. बजेट प्रस्तुत भएका कार्यक्रमहरूको समयबद्ध कार्ययोजना तयार गरी आर्थिक बर्षको पहिलो दिनदेखि नै कार्यान्वयन गरिनेछ । कार्यक्रम कार्यान्वयनका लागि हरेक क्षेत्रमा आवश्यक ऐन, नियमावली तथा कार्यविधिहरूको तर्जुमा र परिपालनाको माध्यमबाट सार्वजनिक खर्चमा हुन सकिने अनियमितता रोकिनेछ ।

२७. आगामी वर्षको बजेट तथा कार्यक्रमहरूलाई आवश्यकता अनुसार परिवर्तन वा परिमार्जन गर्न सकिने गरी साथै योजना बनाइएका कार्यहरू सञ्चालनमा गतिशिलता ( लचकता) ल्याउने गरी बजेट विनियोजन गरिएको छ ।

२८. कविलासी नगरपालिकाको आर्थिक विधेयक,२०८२ र विनियोजन विधेयक,२०८२ स्वीकृतिको लागि यसैसाथ पेश गरेको छु ।



CamScanner

कविलासी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कविलासी, सर्लाही मधेश प्रदेश, नेपाल

सभा अध्यक्षज्यू ,

२९. प्रस्तुत बजेट तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नु हुने यस क्षेत्रका प्रतिनिधि सभाका माननीय सदस्यज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । आ-आफ्नो तर्फबाट अमूल्य सुझाव दिई बजेट तर्जुमा कार्यलाई मार्ग प्रशस्त गर्नु हुने कविलासी नगरपालिकाका प्रमुखज्यू, वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, वडा सदस्यज्यूहरू, विभिन्न समितिका पदाधिकारीज्यूहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । बजेट तर्जुमाको क्रममा अहोरात्र खट्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । सम्पूर्ण राजनितिक दलका पदाधिकारीज्यूहरू, निजी क्षेत्र तथा विकास साँझेदार सँस्थाका महानुभावहरू, बुद्धिजीविज्यूहरू, विषय विज्ञ, सञ्चार जगत लगायत नगरको विकासमा बृहत्तर सहयोग गर्ने आदरणीय नगरबासीहरू सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

३०. अन्त्यमा, नगरको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरिक, करदाता, नगरको हित र समुन्नतिमा योगदान पुर्याउने सबै विकास, साझेदार, सरकारी, गैर सरकारी, सामुदायिक संस्थाहरू प्रति हार्दिक आभार व्यक्त गर्दै यस बजेटको सफल कार्यान्वयनमा सबैको सहयोग र साथ पाउने विश्वास व्यक्त गर्दछु ।

धन्यवाद !

मिति २०८२।०३।१० गते मंगलबार



CamScanner